०७६।७७

बैठक संख्या ६

आज मिति २०७६ साल मंसिर १० गते मंगलवारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख श्री देवीलाल गौतम ज्युको अध्यक्षतामा आर्थिक बर्ष २०७६।०७७ को छैंठौ बैठक तपशिल बमोजिमको उपस्थितिमा बसी निम्न प्रस्तावहरु उपर व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

**तपशिलः**

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | देबीलाल गौतम | नगर प्रमुख | |
| २. | प्रेमकुमारी सुनार | उप-प्रमुख | |
| ३. | बिरबल केसी | कार्यपालिका सदस्य | |
| ४. | काशीराम खड्का | ,, ,, | |
| ५. | भिमबहादुर खड्का | ,, ,, | |
| ६. | निर्मलकुमार पुन | ,, ,, | |
| ७. | शुसिल गौतम | ,, ,, | |
| ८. | वसन्त कुमार गौतम | ,, ,, | |
| ९. | हिमबहादुर पाण्डे | ,, ,, | |
| १०. | वद्धिप्रसाद बुढा | ,, ,, | |
| ११. | नबिन ओली | ,, ,, | |
| १२. | गोप्यश्वर केसी | ,, ,, | |
| १३. | पदमबहादुर पुन | ,, ,, | |
| १४. | प्रेमवहादुर ओली | ,, ,, | |
| १५. | दिपक केसी | ,, ,, | |
| १६. | भिमबहादुर बिष्ट | ,, ,, | |
| १७. | धिरन सिर्पाली | ,, ,, | |
| १८. | शसीराम परियार | ,, ,, | |
| १९. | पबित्रा कामी | ,, ,, | |
| २० | जानकी केसी खड्का | ,, ,, | |
| २१ | कमला बुढा पुन | ,, ,, | |
| २२ | चम्फा परियार | ,, ,, | |
| २३ | मिना बिक | ,, ,, | |
| २४ | यामकुमारी नेपाली | ,, ,, | |
| २५. | नरवीर खड्का | सदस्य सचिब | |

आमन्त्रितः

१ खम्बु खड्का वडा नं. १, का.वा. अध्यक्ष -

२ हरिबहादुर पुन वडा नं. ११, का.वा. अध्यक्ष -

३ पहल बहादुर पुन - इन्जिनियर -

४

## मुसिकोट नगरकार्यपालिकाको मिति २०७६।०८।१० गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

१. संघीय समपुरक अनुदान मार्फत निर्माण भएका सडकको रकम भुक्तानि सम्बन्धमा ।
२. संघीय विशेष अनुदान मार्फत निर्माण भै रहेका ठेक्काको म्याद थप सम्वन्धमा ।
३. यस आ.व.मा कर्णाली प्रदेश सरकारबाट प्राप्त बजेट तथा आयोजना सम्वन्धमा ।
४. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना छनौट सम्वन्धमा ।
५. वायो ग्याँस प्लान्ट निर्माण सम्वन्धमा ।
६. विभिन्न कामका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्वन्धमा ।
७. शहरि स्वास्थ्य केन्द्र तथा इन्जिनियरिङ सेवाका कर्मचारि पदपुर्ति गर्ने सम्बन्धमा ।
८. मुसिकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले माग गरेको सिफारिस पत्र सम्बन्धमा ।
९. स्वास्थ्य शाखा प्रमुखको जिम्मेवारी सम्वन्धमा ।
१०. कृषि तथा वन पैदावारका वस्तुहरुको निकासी कर संकलन सम्बन्धमा ।
११. प्राप्त विस्तृत परियोजना प्रतिवेदन सम्वन्धमा ।
१२. गरिब घर परिवार पहिचान तथा बर्गिकरण सम्वन्धमा ।
१३. साविकको साँख गा.वि.स.को भवन लिलाम गर्ने सम्वन्धमा ।
१४. नगर शिक्षा समितिले गरेका निर्णय अनुमोदन सम्वन्धमा ।
१५. विविध सम्वन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १ संघीय समपुरक अनुदान मार्फत निर्माण भएका सडकको रकम भुक्तानि सम्वन्धमा**

गत आर्थिक बर्षमा यस नगरपालिकालाई संघीय सरकारबाट प्राप्त भएको समपुरक अनुदान मार्फत ठेक्का लागि निर्माण भएका र हालसम्म पनी काम भै रहेका तपशिल अनुसारका सडक योजनाहरु अनुगमन तथा ठेक्का फरफारक गरि तपशिल अनुसार बाँकी रकम यस आ.व.मा विनियोजन भएको समपुरक कोषबाट भुक्तानि गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र. सं. | योजनाको नाम | मुल्यांकन रकम | भुक्तानि भएको रकम | बाँकि रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | रातापहर भलाक्चा झुलखेत सडक निर्माण | ४७,८४,४५६। | २०,६४,११६। | २७,२०,३४०। | काम भैरहेको |
| २. | चौतारा दोपाई बागखोर सडक निर्माण | ४१,१८,६३५। | २८,८३,०४४। | १२,३५,५९१। | सम्पन्न |
| ३. | सोलावागं झुल्खेत घट्टखोला क्वामा घोरखानी सडक निर्माण | ९७,१६,३८२। | ६८,०१,४६७ | २९,१४,९१५। | सम्पन्न |
| ४. | रातापहर भलाक्चा झुलखेत सडक निर्माण खण्ड २ | ४९,९०,८६८। | ३४,९३,६०८ | १४,९७,२६०। | सम्पन्न |
| ५. | चौतारा दोपाई बागखोर सडक निर्माण खण्ड २ | ५४,८९,४५३। | ३८,४२,६१८ | १६,४६,८३५। | सम्पन्न |
| | जम्मा | २,९०,९९,७९४। | १,९०,८४,८५३। | १,००,१४,९४१। | |

**निर्णय नं. २ संघीय विशेष अनुदान मार्फत निर्माण भै रहेका ठेक्काको म्याद थप सम्वन्धमा**

गत आर्थिक बर्षमा यस नगरपालिकालाई प्राप्त भएको संघीय विशेष अनुदानबाट ठेक्का लागि निर्माण भै रहेका विद्यालयहरु तथा प्रयोगशाला भवन झुल्खेत समेतको म्याद सकिसकेको र केहि विद्यालहरुको भवन बन्न अझै धेरै समय लाग्ने समेत देखिएको हुँदा र यि ठेक्का मार्फत निर्माण भएका योजनाहरुको निर्माण कार्यमा विलम्व भएको भन्ने जनगुनासो समेत आएको हुँदा यि योजनाहरु प्रभावकारि रुपमा कार्यान्वयन गर्न प्राविधिक शाखाले निर्माण कार्यको प्रतिवेदन पेश गर्ने र सम्वन्धित निर्माण व्यवसायिहरुले कार्ययोजना

सहित कार्यसम्पन्न गर्ने प्रतिवद्धता पेश भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार हुने गरि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ यस आ.व.मा कर्णाली प्रदेश सरकारबाट प्राप्त बजेट तथा आयोजना सम्वन्धमा**

यस आर्थिक बर्षमा कर्णाली प्रदेश सरकारबाट प्राप्त भएको तपशिल अनुसारको बजेट तथा आयोजनाहरु सशर्त/विशेष/समपुरक अनुदान परिचालन सम्वन्धी मार्गदर्शन अनुसार कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**तपशिल**

| क्र. सं. | अनुदानको प्रकार | योजनाको नाम | ठेगाना | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | सशर्त | महाकालि मा.वि. सामिवोट | वडा नं. २ | ३३,००,०००। | |
| २. | | बगरेखोला हलहले गलम्पाटी सिचाई योजना | | २५,००,०००। | |
| ३. | | होल्तारा भेरीखोला हलहले देखि प्रदेश नं.५ सम्म | | ३८,००,०००। | |
| ४. | | डाडासाउनेपानी कामीडाडा पार्क माथिल्लो टिलाचुन्वाङ सडक | वडा नं. १० | ३०,००,०००। | |
| ५. | विशेष | खानेपानि आयोजना | वडा नं. ९ | ४०,००,०००। | |
| ६. | | जनहित आ.वि. शैक्षिक पूर्वाधार तथा सूचना प्रविधिको विकास कार्यक्रम | वडा नं. ३ | २०,००,०००। | |
| ७. | समपूरक | छेराबगर डाँडाछिवाङ्ग हाइवाङ्ग टोट्के सडक | वडा नं. १३ | ५०,००,०००। | |
| ८. | | कोटचौतारा जुगेनाबगर सडक | वडा नं. ४ | ५०,००,०००। | |
| ९. | | छेरा धैरेनिचौर पिपलनेटा सडक | वडा नं. ३ | ५०,००,०००। | |
| जम्मा | | | | ३,३६,००,०००। | |

**निर्णय नं.४ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना छनौट सम्वन्धमा**

स्थानीय तहमा सूचीकृत बेरोजगारहरुलाई न्यूनतम रोजगारी सृजना गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ बमोजिमका क्षेत्रहरुको अधिनमा रहि दफा ६ बमोजिम हुने गरी तपशिल अनुसारका योजनाहरु छनौट गरि तोकिएको म्याद भित्र सम्बन्धित मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | ठेगाना,स्थान | क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | डाँडाखेत शिव मन्दिर लुगालाउने टाकुरी थर्पु डिग्रे जन्तिबस्ने पदमार्ग निर्माण | वडा नं.१ | पर्यटन | नगरस्तर |
| २. | कैलदेउ स्कुल देखि गिलवाङ सडक निर्माण | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | वडास्तर |
| ३. | भुलेगन्ठा हुदै जन्ति ओपल्ने टावर जाने गोरेटो बाटो | वडा नं.१ | सडक निर्माण तथा मर्मत सम्भार | वडास्तर |
| ४. | साहुडेरा सिमलबोट सिचांइ योजना | वडा नं. ४ | कृषि तथा सिचाई | वडास्तर |
| ५. | ढोरगारे बाध्येटोल सिचाई योजना | वडा नं. २ | कृषि तथा सिचाई | वडास्तर |
| ६. | कोल्टाकुरा मकालथान ढिकिच्याई क्याम्पस गोरेटो बाटो | वडा नं. ५ | सडक निर्माण तथा मर्मत सम्भार | वडास्तर |
| ७. | किउरिवाङ उदिनढुङ्गा छेलावाङ पोखराथाम पदमार्ग निर्माण | वडा नं. ८ | पर्यटन | वडास्तर |
| ८. | सचेतना केन्द्र तथा विद्यालय शौचालय मर्मत तथा निर्माण | वडा नं. ९ | शिक्षा | वडास्तर |
| ९. | गाउँघर क्लिनिक भवन मर्मत तथा शौचालय निर्माण | वडा नं. ९ | स्वास्थ्य तथा सरसफाई | वडास्तर |
| १०. | ढोर्रेनि गोगनपानी खानेपानी मर्मत सम्भार | वडा नं. ३ | ग्रामीण खानेपानी | वडास्तर |
| ११. | मुसिकोट स्वास्थ्य चौकि मर्मत सुधार | वडा नं. ३ | स्वास्थ्य तथा सरसफाई | वडास्तर |
| १२. | कामिगारे वाटुलेचौर मलामे बाटो | वडानं. १४ | सडक निर्माण तथा मर्मत सम्भार | वडास्तर |
| १३. | पानाखोला लघुजलविद्युत देखि भण्डारीकाँडा नेवारीडाँडा सिचाई | वडा नं. ६ | कृषि तथा सिचाई | वडास्तर |
| १४. | मध्यपहाडि नेवारधारा भण्डारीकाँडा आरसिसि बाटो | वडा नं. ६ | सडक निर्माण तथा मर्मत सम्भार | वडास्तर |
| १५. | लामाडाँडा त्रिशुले तल्लोटाँकुरी खानेपानी आयोजना | वडा नं. १३ | ग्रामीण खानेपानी | वडास्तर |
| १६. | दलित नमुना वस्ति पदमार्ग | वडा नं. १० | पर्यटन | वडास्तर |
| १७. | स्यावाङ र गोठवाङमा सामुदायिक | वडा नं. ११ | शिक्षा | वडास्तर |

| | | | | |
|---|---|---|---|---|
| | भवन निर्माण | | | |
| १८. | मा.वि. काँसपोखरी रआधारभुत विद्यालय खेलमैदान | वडा नं. १२ | शिक्षा | वडास्तर |
| १९. | कृषिउपज संकलन केन्द्र तथा हाटबजार निर्माण | वडा नं. ७ | कृषि तथा सिचाई | वडास्तर |

## निर्णय नं. : ५ बायो ग्याँस प्लान्ट सम्बन्धमा

यस मुसिकोट नगरपालिकाको २ नं. वडामा रहेको नगरपालिकाको आफ्नो जग्गा तथा शहिद स्मृति स्पोर्ट भिलेज फाउन्डेसनको स्वामित्वमा रहेको जग्गालाई उपयोग गर्ने र फोहोरमैला व्यवस्थापन गर्ने सम्वन्धमा सो फाउन्डेसनका पदाधिकारीसहित नगर प्रमुखको अध्यक्षतामा मिति २०७६।०७।२८ गते बसेको बैठकका निर्णय अनुमोदन गर्ने र बायो ग्याँस प्लान्ट निर्माणका लागि सम्भाव्यता अध्ययन तथा अन्य कार्यका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र लगायतका संस्थाहरुसँग समन्वय र साझेदारीमा कार्य गर्ने निर्णय गरीयो ।

## निर्णय नं. : ६ विभिन्न कामका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा

संघीय, प्रदेश सरकार तथा अन्य मन्त्रालयहरुमा पेश गर्ने गरि र नगरको सन्तुलित, समन्यायिक र व्यवस्थित विकास गर्ने गरि तपशिलका कार्यका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | कार्यक्रम आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | ठारढुङ्गा सोलाबाङ नमुना खानेपानी आयोजना | वडा नं. ४ | |
| २. | जग्गा उपलब्ध भएका वडा कार्यालयहरु | | |
| ३. | साँख खानेपानी आयोजना | वडा नं. ७ | |
| ४. | खानेपानी आयोजना | वडा नं. ६ | |
| ५. | खानेपानी आयोजना | वडा नं. ८ | |
| ६. | घ्युलपानी डाँडुगे ज्यामडाँडाँ खानेपानी आयोजना | वडा नं. ५ | |
| ७. | कोलासिम धैरेनचौर माछ्मि खानेपानी आयोजना | वडा नं. ३ | |

## निर्णय नं. :७ शहरि स्वास्थ्य केन्द्र तथा इन्जिनियरिङ सेवाका कर्मचारि पदपुर्ति सम्बन्धमा

अघिल्लो कार्यपालिकाको निर्णय अनुसार १२ नं. वडा र १ नं. वडाको छिङमा शहरि स्वास्थ्य केन्द्र सञ्चालन गर्ने निर्णय भएको हुँदा सो केन्द्रहरु संचालनका लागि २ जना अ.हे.व. र नगरपालिकाको विकास योजनाहरूलाई व्यवस्थित रुपमा सञ्चालन गर्न हालको प्राविधिक जनशक्तिले अपुग हुने भएको हुँदा १

जना इन्जिनियर २ जना सव इन्जिनियर १ जना अमिन अर्को व्यवस्था नभए सम्मको लागि करारमा नियुक्ति गर्ने गरि तत्काल आवश्यक प्रक्रिया अवलम्वन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.८ मुसिकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले माग गरेको सिफारिस पत्र सम्बन्धमा**

मुसिकोट खलंगा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र नगर विकास कोष बीच सम्झौता भै सञ्चाल भएको आयोजनाको लागत अनुमान वढ्न गै थप ऋण माग गर्नु पर्ने अवस्थाको सृजना भएको भनि थप ऋण सिफरिसका लागि मिति २०७६।०८।०३ गतेको उपभोक्ता संस्थाको पत्र प्राप्त भएको हुँदा सों समितिको आर्थिक बर्ष २०७५।०७६ को लेखापरिक्षण प्रतिवेदन, सम्झौता बमोजिम ऋण तिर्न सक्ने विश्वस्त कार्ययोजना पेश गरेमा तथा खानेपानी व्यवस्थापन सम्वन्धमा आइरहेका मौखिक गुनासोहरुको उचित सम्वोधन हुन सक्ने अवस्थाका बिषयमा सो समितिसँग आवश्यक छलफल गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ९ स्वास्थ्य शाखा प्रमुखको जिम्मेवारी सम्वन्धमा**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको नगरपालिका स्वास्थ्य शाखाको दरबन्दी तेरीज अनुसार हुने गरी स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समुहका हे.अ. अधिकृत छैठौं श्री वेदाराम ओलिलाई स्वास्थ्य शाखा प्रमुखको रुपमा सोहि सेवा र समूहको अधिकृत सातौंको पदपुर्ति नहुन्जेलसम्मको लागि जिम्मेवारी दिने निर्णय गरीयो ।

**निर्णय नं. १० कृषि तथा वन पैदावारका बस्तुहरुको निकासी कर संकलन सम्वन्धमा**

मुसिकोट नगरपालिकाको आर्थिक ऐन, २०७६ अनुसार कृषि तथा बन पैदावरको कर संकलन गर्ने प्रयोजनको लागि मुसिकोट नगरपालिका वडा नं. ११ स्याउलि बजारमा नगर प्रहरी खटाउने र खटिने नगर प्रहरीलाई प्रति दिन रु.१५० (एक सय पचास मात्र) खाजा खर्च उपलव्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ११ प्राप्त विस्तृत परियोजना प्रतिवेदन सम्वन्धमा**

शहरी विकास तथा भवन निर्माण विभाग र नयाँ राष्ट्रिय इन्जिनियरिङ कन्सल्टेन्सी जेभी बीच भएको सम्झौता अनुसार यस नगरपालिकामा सो कन्सल्टेन्सीले पेश गरेका प्रतिवेदनहरु (Revised Final Report) Volume I: Main Report, VolumeII: Municipal Profile, VolumeIII: Base Map, Volume IV:DED1 and DED2, Volume V: Building Bye Laws प्राप्त भयो जसमध्ये VolumeII: Municipal Profile र Volume V: Building Bye Laws अनुमोदन गरि प्राप्त भएका विस्तृत परियोजना प्रतिवेदन राठखेतदेखि गनामाटा मुसिकोट माथि थर्पु देखि भण्डारीकाँडा सडक र

भवन सहितको बसपार्क निर्माणका लागि शहरी विकास तथा भवन निर्माण विभाग लगायत संघ तथा प्रदेश सरकारसँग आवश्यक बजेट व्यवस्थाका लागि अनुरोध गर्ने र गत आर्थिक बर्षमा क्यानभास इन्जिनियरिगं कन्सल्टेन्सी प्रा.ली.सँग सम्झौता भई पेश भएका सडकहरुको विस्तृत आयोजना प्रतिवेदन आवश्यक शंशोधन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ गरिब घर परिवार पहिचान तथा बर्गिकरण सम्वन्धमा**

अघिल्लो कार्यपालिकाको निर्णय अनुसार गरिब घर परिवार पहिचान तथा बर्गिकरण गर्ने कार्यका लागि आवश्यक मापदण्ड निर्धारण गर्न गठन गरिएको समितिले मिति २०७६।०८।०३ गतेको बैठकको निर्णय अनुसार तपशिलका मापदण्ड अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | सूचक | मापणका आधारहरु | गरिबका प्रकार | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सामान्य | मध्यम | अति | |
| १. | जग्गा जमिनको उत्पादन क्षमता | ३ महिना भन्दाकम अवधिसम्म खाना पुग्ने | | | | |
| | | ६ महिना अवधिसम्म खाना पुग्ने | | | | |
| | | ७ महिना अवधि भन्दा बढिसम्म खाना पुग्ने | | | | |
| २. | घर गोठको अवस्था | ढुङ्गाले छाएको | | | | |
| | | जस्ता पाताले छाएको | | | | |
| | | खरले छाएको | | | | |
| ३. | परिवारको सदस्य संख्या | ४ जना सदस्यसम्म भएको | | | | |
| | | ७ जना सदस्यसम्म भएको | | | | |
| | | ७ जना सदस्यभन्दा वढि भएको | | | | |
| ४. | शिक्षा | परिवारमा कम्तिमा १ जनाले १२ पास गरेको | | | | |
| | | परिवारमा कम्तिमा १ जनाले १० पास गरेको | | | | |
| | | परिवारमा कसैले पनि १० पास नगरेको | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | स्वास्थ्य | परिवारमा कुनै सदस्यमा(मुटु,क्यान्सर मृगौला जस्ता दिर्घरोग) तथा अरुको सहयोग चाहिने अपाङ्गता भएको कुनै १ सदस्य भएमा | | | | | |
| | | उपचारका लागि पटक पटक अस्पताल जाने अवस्था भएका(दम, सुगर,प्रेसर) १ जना सदस्य भएमा | | | | | |
| | | यि बाहेकका अन्य कम समस्या भएका | | | | | |
| ६. | रोजगारीको अवस्था | परिवारको कुनै सदस्य स्थायी रोगजगार तथा वैदेशिक रोजगारमा रहेको भएमा | | | | | |
| | | ६ महिना अवधिसम्म रोजगारी रहने अवस्था भएमा | | | | | |
| | | कुनै पनि रोजगारमा नरहेको | | | | | |
| ७. | व्यापार | स्थायी प्रकृतिको भएमा | | | | | |
| | | निरन्तर रुपमा मौसमि व्यवसाय गर्दै आएको | | | | | |
| | | कुनै व्यापार नभएको | | | | | |
| ८. | व्यवसाय | व्यवसायबाट बर्षभर खाना पुग्ने | | | | | |
| | | व्यवसायबाट ६ महिना अवधिसम्म खाना पुग्ने | | | | | |
| | | व्यवसायबाट ६ महिना भन्दा कम अवधिसम्म खाना पुग्ने | | | | | |
| माथिका सूचकहरुमा जुन सुचकमा वढि पटक दोहोरिन्छ सोहि सुचक बमोजिम गरिब घरपरिवार पहिचान गर्ने । | | | | | | | |

निर्णय नं. १३ साविकको साँख गा.वि.स.को भवन लिलाम सम्वन्धमा

साविकको साँख गा.वि.स.को भवन जिर्ण र पुरानो भै उपयोग गर्न नमिल्ने भएको हुँदा सो भवनमा रहेको ढुङ्गा तथा काठहरुलाई लिलाम गर्ने कार्यका लागि प्रचलित कानुन अनुसार हुने गरि लिलाम गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १४ नगर शिक्षा समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा

मिति २०७६।०७।२९ र मिति २०७६।०८।०६ गते बसेको नगर शिक्षा समितिका निर्णयहरु लगायत यस अघिसम्म गरिएका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ विविध सम्वन्धमा

निर्णय नं. १५ (क) बहुक्षेत्रीय पोषण योजना कार्यक्रम सम्वन्धमा

यस आ.व.मा यस नगरपालिकालाई प्राप्त भएको बजेट रु १६,१४,०००। तथा यस कार्यालयबाट विनियोजित बजेट रु ५०,०००। गरी कुल बजेट रु २१,१४,०००। को बहु क्षेत्रीय पोषण योजना कार्यक्रम तपशिल अनुसार स्वीकृत गरीयो ।

तपशिल

कार्यालय निर्देशक/ आयोजनाको नाम: बहुक्षेत्रीय पोषण योजना कार्यक्रम

स्थानीय तहको नाम: मुसिकोट नगरपालिका रुकुम (पश्चिम)

नेपाल सरकार: ४६४
ऋण: ०
युनिसेफ: ११५०
जनसहभागिता:
आन्तरिक श्रोत: ५००
जम्मा रकम: २११४

| क्र.स. | कार्यक्रमहरु | इकाई | श्रोत: आन्तरिक | श्रोत: नेपाल सरकार | जम्मा | वार्षिक: परिमाण | वार्षिक: वजेट | प्रथम चौमासिक: परिमाण | प्रथम चौमासिक: वजेट | दोस्रो चौमासिक: परिमाण | दोस्रो चौमासिक: वजेट | तेस्रो चौमासिक: परिमाण | तेस्रो चौमासिक: वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कृषि विकास क्षेत्र** | | | | | | | | | | | | | |
| १ | [illegible] च्याउखेति २० घरमा १००० दिनका आमाहरुलाई ९, १० नं. वडामा | | ६४ | १५६ | २२० | २० | २२० | | | २० | २२० | | | |
| २ | १००० दिनका घरपरिवार २४० घरमा च्याउ खेति ६ वटा वडाहरुमा | | ० | ५० | ५० | २४० | ५० | | | २४० | ५० | | | |
| | जम्मा | | ६४ | २०६ | २७० | २६० | २७० | ० | ० | २६० | २७० | ० | ० | |
| | **शिक्षा विकास क्षेत्र** | | | | | | | | | | | | | |
| १ | विद्यालय तथा अभिभावकका लागि बहुक्षेत्रिय पोषण सम्बन्धि सामाग्रि प्रकाशन | | १५० | ० | १५० | | १५० | | ० | | १५० | | | |
| २ | बालविवाह न्यूनिकरण, वाल दुरब्यवहार सम्बन्धमा विद्यालय तथा समुदायका किशोर किशोरीहरुको बक्तित्वकला १४ वडामा | १४ | ११० | १०० | २१० | १४ | २१० | | | १४ | २१० | | | |
| | जम्मा | | २६० | १०० | ३६० | १४ | ३६० | ० | ० | १४ | ३६० | ० | ० | |
| | **महिला तथा वालवालिका क्षेत्र** | | | | | | | | | | | | | |
| १ | [illegible] ब्याड निर्माण सामाग्री वितरण १० विद्यालयलाई | | १११ | ३९ | १५० | १० | १५० | | | १० | १५० | | | |
| २ | किशोरी तथा अभिभावकहरुलाई बालविवाह, लैगिक हिंसा तथा सामाजिक गलत अभ्यास सम्बन्धि १ दिने अभिमुखीकरण ९ विद्यालयहरुमा | ९ | ० | १३५ | १३५ | ९ | १३५ | | | ५ | ७५ | ४ | ६० | |
| | जम्मा | | १११ | १७४ | २८५ | १९ | २८५ | ० | ० | १५ | २२५ | ४ | ६० | |
| | **खानेपानि तथा सरसफाई क्षेत्र** | | | | | | | | | | | | | |
| | सुत्केरी आमाहरुलाई सरसफाई सम्बन्धि सामाग्रि तथा पोषण सम्बन्धि पोषिलो झोला वितरण ४०० जनालाई सबै वडाहरुमा | ४०० जना | ६५ | ७५३ | ८१८ | ४०० | ८१८ | | | ४०० | ८१८ | | | |
| | जम्मा | | ६५ | ७५३ | ८१८ | ४०० | ८१८ | ० | [illegible] | ४०० | ८१८ | ० | ० | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति योजना तथा स्थानीय सुशासन क्षेत्र | | | | | | | | | | | | |
| १ | नगरपालिका स्तरीय खाद्य सुरक्षा तथा पोषण समन्वय समितिको बैठक | पटक २ | ० | ९९ | ९९ | ३ | ९९ | १ | [illegible] | १ | [illegible] | १ | [illegible] |
| २ | बहुक्षेत्रीय पोषण योजना कार्यानवयनको सयुक्त अनुगमन कार्यक्रम | | ० | ४० | ४० | २ | ४० | | | १ | २० | १ | २० |
| ३ | समुदाय स्तरमा बहुक्षेत्रीय पोषण योजना निर्माण, पैरवी तथा कार्यान्वयनको लागि पोषण सहजकर्ता परिचालन | ५ | ० | १९५ | १९५ | १३ | १९५ | ५ | ७५ | ४ | ६० | ४ | ६० |
| ४ | पोषण सम्बन्धि रेडियो जिङ्गल | | ० | २४ | २४ | | २४ | | | | | | २४ |
| ५ | पोषण सहजकर्ता यातायात खर्च, संचार खर्च तथा पोषाक भत्ता | ४ | ० | २३ | २३ | १२ | २३ | ४ | ६ | ४ | ६ | ४ | ११ |
| | जम्मा: | ० | ० | ३८१ | ३८१ | ३० | ३८१ | १० | ११४ | १० | ११९ | १० | १४८ |
| | कुल जम्मा : | ० | ५०० | १६१४ | २११४ | ७२३ | २११४ | १० | ११४ | ६९९ | १७९२ | १४ | २०८ |

देविलाल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १५ (ख) कृषि क्षेत्र विकास कार्यक्रम सम्वन्धमा

मिति २०७६।०७।२८ गते भएको नगरस्तरीय कृषि क्षेत्र विकास समितिले गरेका कृषि सेवा शाखाको प्रस्ताव नं. ९ बाहेक अरु निर्णयहरु अनुमोदन गर्ने सो प्रस्ताव अनुसारको निर्णयलाई कृषि शाखाले आवश्यक विवरण सहित नगर प्रमुखलाई सो कार्यको प्रतिवेदन पेश गर्ने निर्णय गरीयो । पशु तथा कृषि विकासका कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधिहरु तयार गरी विभिन्न चरणमा छलफल गर्ने र आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. १५ (ग) मुसिकोट दरवार क्षेत्रको सेवा शुल्क संकलन सम्वन्धमा

मिति २०७६।०४।१७ गतेको कार्यपालिकाको मुसिकोट दरवार क्षेत्रको सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय अनुसार असोज महिना देखि त्यस क्षेत्रको रेखदेख गर्ने कार्य गर्दै आएका श्री तिलक बहादुर हमाल लाई मासिक रु ७,५००। (अक्षरुपि साँत हजार पाँच सय मात्र) खाजा खर्च नियमानुसार बैंक खाता मार्फत भुक्तानि दिने निर्णय गरीयो ।

**अन्तमा आजको बैठक सौहार्द रुपमा समापन भएको घोषणा गर्दै बैठकमा सहभागि सबैलाई अध्यक्षबाट धन्यवाद व्यक्त गरीयो ।**

मिति २०७६।०८।१० गतेको कार्यपालिकाको बैठकमा पेश भए प्रस्तावहरु १-१५ सम्मका छलफल भै भएका निर्णयहरु १-१५(ग) सम्म प्रमाणित गरिएको ।

२०७६।०८।१२